त्रैमासिक बुलेटिन

# भूमि अधिकार

बर्ष २, पूर्णाङ्क ६, सेप्टेम्बर, २००४



सामाजिक न्याय र समुन्नतिको लागि भूमि अधिकार

हाम्रो भनाई

## उत्साहजनक आक्रोस

असोज १२,१३ र १४ गते दशौं हजार दलितले भूमि, आरक्षण र नागरिकताको माग गर्दै सप्तरीको राजविराजमा वृहद अनशन, प्रदर्शन र विरोधसभाको आयोजना गरे । र, १३ बुँदे घोषणापत्र जारी गरी पहिलो बुँदामै 'जमिन्दारमुखी भूमि ऐन खारेज गरी जोताहा किसानको अधिकार सुनिश्चित गरिनुपर्ने' सवाल अगाडि सारे ।

दलितहरूको यो अनशन, प्रदर्शन र सभाले एउटा उत्साहजनक आशा संचार गरेको छ । त्यो के भने अब दलितहरू आफ्नो आन्दोलनको मूख्य माग पहिचान गर्न सक्षम भएका छन् । र, त्यो प्राप्तिका लागि जस्तोसुकै लडाईं लड्न तयार देखिएका छन् ।

आरक्षणको कुरा उठोस् कि दलित मुक्ति आन्दोलनको कुरा उठोस्, हिजोका दिनमा शिक्षा, स्वास्थ्य र रोजगारीका कुराहरूले प्राथमिकता पाउँथे । तर आज हरेक अग्रगामी परिवर्तनका पक्षधरहरू भूमिअधिकार नै आरक्षण वा दलित मुक्ति आन्दोलनको मूख्य एजेण्डा हुनुपर्ने कुरामा प्रष्ट भएका छन् ।

दलित आन्दोलनमा भूमि प्राप्तिको सवालले प्राथमिकता पाउनुपर्छ भन्नुको अर्थ शिक्षा, स्वास्थ्य तथा रोजगारी जस्ता सवालको उपेक्षा किमार्थ होईन । तर सत्य के हो भने उत्पादनको प्रमुख साधन भूमिमा पहुँच भएमा मात्र दलित वर्गलाई दिईने अन्य अधिकार वा आरक्षण प्रभावी बन्दछ । यस सवालमा भएको सामाजिक जागरणकै कारण हुनुपर्छ आज राजनीतिक पार्टीहरूले समेत देखावटी रूपमै भएपनि भूमिअधिकारलाई पार्टी मुद्धा बनाउन थालेका छन् ।

तर राज्य भूमिको समानुपातिक वितरणका सवालमा कहिल्यै इमान्दार बनेन । बहुसंख्यक गरिब, दलित र जनजाति नेपालीहरूको भूमिमा पहुँच नभएकै कारण विकास कार्यक्रमहरू प्रभावकारी नभएको दाताहरूले पनि बुझ्न सकेनन् । फलतः राजनीतिक परिवर्तनहरू भएपनि धनि झन् धनि र गरिब झन् गरिबको श्रेणीमा पर्न गए । सस्ता लोकप्रीयता झल्किने कैयौं नीतिहरू त आए तर अन्ततः जमिनदारहरूकै हितरक्षक सावित भए । हामीलाई लाग्छ, बसिखाने वर्गको चुलिदैं गएको सम्पन्नता र गरिखाने वर्गबीच बढ्दै गएको कंगालिकरणबाट निसासिएका आम विपन्न दलितहरूको आक्रोश हो- राजविराजको अनशन, प्रदर्शन र विरोध सभा ।

पुस्तौदेखि नितान्त आफ्नै श्रममा हुर्किएको दलितसँग नै आज किन जमिन छैन ? यो उत्तरको खोजीमा प्रकट भएको राजविराजको आक्रोश सामाजिक आन्दोलकहरूका लागि पनि एउटा उत्साहजनक आशा हो । यो प्रश्नलाई राज्यले समयमै सम्बोधन गर्न सकेन भने यी आक्रोशहरूले छिट्टै नै विष्फोटको रूप लिने निश्चित छ ।

## यस अंकमा


बल्ल बुझे दलितले वास्तविकता ...... ३
१७ परिवारले जग्गा पाए ...... ४
भूमिसँग नजोडिएको दलित आन्दोलन ...... ५
न्यायको पर्खाइमा बेदर्तावाल मोहीहरू ...... ७
गतिविधी ...... ८
जिल्लागत तहमा परेका मुद्दा, निवेदन विवरण . ११
भूमि, नागरिकता र आरक्षण माग गर्दै दशौं हजार दलितहरूको प्रदर्शन ...... १२
तुलारामको पीडा ...... १४
१४ घर माझीटोल जमिन्दार कै अधिनमा ...... १४
जमिन्दारको डरले नामसम्म भन्न सकेनन् ...... १५
४१ घरलाई ऐलानी बस्तीमा पुनस्थापना ...... १५
भिमदत्त पन्तको स्मृति ...... १५
पत्रपत्रिकामा भूमिसुधार ...... १६


## अनुरोध

**त्रैमासिक रूपमा प्रकाशित हुने यस पत्रिकामा भूमि अधिकारसँग सम्बन्धित लेख, घटना, समस्या, सल्लाह र सुझाव पठाई सहयोग गर्नुहुन हामी सबै महानुभावहरूमा अनुरोध गर्दछौं ।**

# बल्ल बुझे दलितले वास्तविकता

● रघुनाथ लामिछाने

नेपाल गरीब छ भन्ने सबैलाई थाहा छ तर यो गरिबीबाट सबैभन्दा पीडितचाँहि दलित र जनजाति छन् भन्ने वास्तविकता कमैलाई मात्र थाहा हुन सक्छ । जतिलाई यो थाहा छ, उनीहरुलाई पनि यसो हुनुको प्रमुख कारण भने जानकारी छैन ।

सामान्यतया दलितहरु कोही आरन चलाउने, कोही कपडा सिउने त कोही बाजा बजाउने, नाचगान गर्ने, जुत्ता सिउने जस्ता कार्यमा संलग्न छन् । तर यसका अलावा आफूलाई उपल्लो जाति भन्नेहरुचाहिँ राम्रो आम्दानी हुने व्यापार, जागिर आदिमा संलग्न छन् । यसरी हेर्दा कम आम्दानी हुने र तल्लो स्तरका ठानिने काम दलितको भागमा पारिएको छ भने इज्जतदार ठानिने र आदेश/निर्देश दिए हुने कामचाहिँ प्रायः उपल्लो जातिको ठेक्कै जस्तो देखिन्छ ।

भन्ने गरिन्छ, यी काम दलितलाई गर्न कसले रोकेको छ र ? तर उत्तर प्रश्नजस्तो सहज छैन । यो प्रश्नको उत्तरसँग हाम्रो सामाजिक संरचना जोडिएको छ, हामीले वर्षौंदेखि गर्दै आएको थिचोमिचो गाँसिएको छ र हाम्रा नीति निर्माता, शासक/प्रशासकले गरेका पक्षपाती व्यवहारले साइनो गाँसेको छ ।

*दलित आदिवासी भूमिपुत्र हुन । उनीहरूको यस मुलुकमा भूमि प्रशस्त थियो तर ठूलाबडा भनाउँदा हामीले विभिन्न बहाना बनाएर उनीहरूको जमिन हडप्यौं । सोझो हुनुको फाइदा उठाउँदै उनीहरूलाई दुःखबाट मुक्त गराइदिन जमिन आफैंले लियौं । एक चिलिम तमाखुमा सिंगै पाखो पास गरायौं । जसले गर्दा उनीहरू भूमिहीन बन्न पुगे ।*

दलित आदिवासी भूमिपुत्र हुन । उनीहरुको यस मुलुकमा भूमि प्रशस्त थियो तर ठूलाबडा भनाउँदा हामीले विभिन्न बहाना बनाएर उनीहरुको जमिन हडप्यौं । सोझो हुनुको फाइदा उठाउँदै उनीहरुलाई दुःखबाट मुक्त गराइदिन जमिन आफैंले लियौं । एक चिलिम तमाखुमा सिंगै पाखो पास गरायौं । जसले गर्दा उनीहरु भूमिहीन बन्न पुगे ।



जसको भूमि नै थिएन, उनीहरुलाई भूमि उपलब्ध गराउनुपर्ने वा उनीहरुको पनि भूमिमाथि स्वामित्व खोज्ने अधिकार छ भन्ने कुरा हामीले बिर्स्यौं वा बुझेर पनि बल र शक्तिको भरमा बुझ पचायौं । त्यसैले उनीहरु सधैं गरीब नै

भएर रहे, हामी भने दिन दुगुना, रात चौगुनाका दरले धनी हुँदै गयौं, जसले उनीहरुमाथि थिचोमिचो गर्ने आशीर्वाद प्राप्त गरेका थियौं ।

दलितहरु किन गरीब भए भन्ने प्रश्नको उत्तर सोझै भूमिसँग जोडिएको छ । तर मुलुकमा आयातीत गरिबी निवारणका सयौं योजनाले पनि यो वास्तविकता पचाउन सकेन । जसले गर्दा अहिले यसका योजनाकारहरु कार्यक्रम सफल नहुनुको कारण खोज्न भौतारिइरहेका छन् । तर पनि यसको मूल जरो भूमि नै थियो भनेर किटान गर्ने अवस्थामा भने उनीहरु पुगिसकेका छैनन् ।

अब जमाना पहिलेकै रहेन । यही वास्तविकता स्वदेशी र विदेशी गरिबीविज्ञलाई जानकारी गराउने उद्देश्यले दलित र उनीहरुका सहयोगी सडकमा उत्रिएका छन् । असोज १२, १३ र १४ गते सप्तरीको सदरमुकाम राजविराजमा भएको ऱ्याली र अनसनले यही प्रष्ट्याउँछ । यो कार्यक्रमले दिएको अर्को प्रमुख सन्देश हो- अब वर्षौंदेखि दलिएका दलितले आफूहरु तल पर्नुको प्रमुख कारण भूमि नहुनु नै हो भन्ने वास्तविकता बुझेछन् ।

हुन त यो कार्यक्रममा छुवाछुतको अन्त्य र आरक्षण पनि प्रमुख सवालका रुपमा उठाइएका थिए तर जबसम्म भूमिमाथि स्वामित्व हुन्न तबसम्म बाँकी दुई मागको केही अर्थ हुन्न र जब भूमि प्राप्त हुन्छ, त्यतिखेर अरु दुई कुराविरुद्ध लड्न वातावरण सहज हुन्छ भन्ने विषय पनि उनीहरुले राम्रोसँग बुझेको पाइयो किनकि कार्यक्रम अवधिभर भूमि नै प्रमुख मुद्दा बनिरहन सक्यो ।

नागरिकता प्राप्त गर्न, वित्तीय संस्थासँग ऋण लिएर काम गर्न तथा राज्यले उपलब्ध गराएका विभिन्न सुविधा मात्र नभई जीविकोपार्जन सहज तुल्याउनसमेत भूमि अपरिहार्य छ अहिले । यस अर्थमा राज्यले भूमि नभएकालाई अघोषितरुपमा दोस्रो दर्जाको नागरिकको व्यवहार गर्दै आएको छ । यो वास्तविकताप्रति चेत जाग्नु नै राजविराजमा आयोजित कार्यक्रमको सबैभन्दा ठूलो उपलब्धि मान्न सकिन्छ ।

एकातिर मुलुकको कुल राष्ट्रिय आयमा कृषि क्षेत्रको योगदान ४० प्रतिशतको हाराहारीमा छ । अर्कोतर्फ यत्रो योगदान भएको क्षेत्रमा दलितहरुलाई संलग्न गराउन सकिएको छैन । यसरी हेर्दा उनीहरुको जनजीवन त कष्टकर छ नै, साथै मुलुकका समग्र उन्नतिमा लाग्नबाट पनि हामीले उनीहरुलाई वञ्चित गरायौं भन्ने मुलुकले बुझ्न सकेको छैन । जबकि कृषिमा निर्भर जनता यो मुलुकमा ७६ प्रतिशत छन् ।

मुलुकमा पटक पटक जारी भूमिसुधार कार्यक्रमका विफलता पनि झल्काउँछ दलित आन्दोलनले । जति पटक कार्यक्रम ल्याइए पनि यो ग्रासरुटसम्म पुग्न नसक्नाले यसले तल्लो वर्गलाई समेट्न सकेकै छैन । त्यसैले यस्ता कार्यक्रमले केही गऱ्यो भने त्यो भूमिवालाकै पक्षमा गऱ्यो, जुन कारण भूमिसुधार ऐन लागू भएको ४२ वर्षसम्म पनि पीडित पीडितै हुनुपर्ने अवस्था जारी छ । यही अव्यवस्थाविरुद्धको आक्रोश पनि हो- राजविराजमा दलितको गर्जन ।

वर्षौंदेखि जमिन जोतिरहेकाले पनि त्यसमाथि स्वामित्व प्राप्त गर्न सकेका छैनन् । कानून र नियमका नाममा तेर्स्याइएका अप्ठ्यारा प्रावधानका कारण पुर्खौंदेखि खाइआएको उत्पादनमात्र हैन, जमिन नै छाड्नुपर्ने अवस्था राज्यका तर्फबाट सिर्जना गराइएको छ । टाठाबाठा र पहुँचवालाले मात्र पूरा गर्न सक्ने प्रावधान लागू गराइनाले सोझा र पहुँच नहुने तथा घुस खुवाउन नसक्नेले जमिनबाट बाहिरिनुपर्ने अवस्थाप्रतिको आक्रोशका रुपमा पनि उक्त कार्यक्रमलाई लिन सकिन्छ ।

बिरामी परेर अस्पतालमा भर्ना गराईदासम्म अनसनकारी दलितले अनसन तोड्न मानेनन् । यो उनीहरुको कम आँट हैन । ५ सयको हाराहारीमा भएको दलित अनसन आफैंमा ऐतिहासिक त हुँदै हो, साथै ३ दर्जनभन्दा बढी सहयोगी संघ/संस्थाको अपार माया र समर्थन अर्को महत्वपूर्ण पक्ष रहयो यो कार्यक्रमको । मानव अधिकारवादी, पत्रकार र समाजका विभिन्न क्षेत्रका प्रबुद्ध वर्गले गरेका समर्थनले उनीहरुको अभियानमा ऊर्जाको काम गर्नु अर्को सकारात्मक पक्ष थियो ।

त्यसले यो कार्यक्रम कति सफल रह्यो वा यसले के प्राप्त गर्न सक्यो भन्नु भन्दा पनि यसले दिएको 'म्यासेज' लाई सम्बन्धित सबै पक्षबाट गम्भीरतासाथ ग्रहण गरिनु जरुरी छ । त्यहाँ देखिएको अभूतपूर्व एकता अझै विस्तार भयो र त्यसले दरिलो संगठित रुप ग्रहण गर्न सक्यो भने त्यसपछि सिर्जना हुने आँधीबेहरी थाम्न सक्ने आँट कसैमा हुनेछैन । त्यसैले यत्ति बुझे पुग्छ- सोझो रिसाउँदै रिसाउँदैन, रिसाएपछि त्यसले छाड्दै छाड्दैन ।

विज्ञेषु किमधिकम् इत्यलम् । ■

सफलता

## १७ परिवारले जग्गा पाए

५० औ वर्षदेखि बसोबास गर्दै आइरहेका १० घरधुरीका १७ परिवार दलित हलियाहरुले बसोबासका आधारमा जग्गाधनी पुर्जा प्राप्त गरेका छन् । डडेल्धुरा जिल्ला स्थित गणेशपुर



मैलोडाका भूमिहीन दलित हलिया किसानहरुलाई जग्गाधनी नवराज भण्डारीले जिल्ला दलित नेटवर्क डडेल्धुराको पहलमा आपसी समझदारी र छलफल एवं कानुनी प्रक्रिया अनुसार कि. नं. १४८ को ३ रोपनी जग्गाको जग्गाधनी प्रमाणपुर्जा २०६१ असोज ४ गते दिएका छन् ।

# भूमिसँग नजोडिएको दलित आन्दोलन

● हिरा विश्वकर्मा

भूमिअधिकारका क्षेत्रमा कार्यरत एउटा गैरसरकारी संस्थाले भूमिअधिकारवाट वञ्चित विभिन्न समुहलाई काठमाडौंमा उतार्‍यो । त्यसले नीतिनिर्माता, कार्यान्वयनकर्ता र पीडित सरोकारवाला समुहबीच अन्तरक्रिया गरायो । भूमिअधिकारवाट वञ्चित समूहमध्ये सबैभन्दा पीडित त्यहाँ दलित र कमैया थिए । भूमि समस्यावाट पीडित मध्ये तराई र हलिया समुहबाट दलितले प्रतिनिधित्व गरेका थिए । पीडित समुदायको प्रतिनिधित्व गर्ने ५ मध्ये २ जना दलित हुनुले दलितभित्र भूमिहीनताको समस्या कति जटिल रहेछ भन्ने देखाउँछ । तर कार्यक्रममा दलित आन्दोलनमा लागेका व्यक्ति तथा गैरसरकारी संस्थाको उपस्थिति अत्यन्त न्यून थियो । यसले के दलित आन्दोलनमा लागेका व्यक्ति तथा गैरसरकारी संस्थाको भूमि सम्बन्धी आन्दोलनमा कुनै सरोकार छैन ? भन्ने सवाल मेरो मनमा बारम्बार उब्जियो ।

भारतमा ५० वर्षदेखि आरक्षणको व्यवस्था छ, यसले सबैभन्दा बढी मध्यम तथा निम्न मध्यमवर्गीय दलितलाई फाईदा पुर्‍याएको छ । एकप्रकारले भन्ने हो भने त्यो व्यवस्थाले त्यहाँ दलितको मध्यमवर्ग नै तयार भएको छ । यसको उदाहरणको रुपमा दिल्लीमा मात्रै हजार भन्दा बढी दलित डाक्टरको भेलालाई लिन सकिन्छ । तर भारतको आरक्षण व्यवस्थाको सबैभन्दा कमजोर पक्ष भनेको दलित तथा आदिवासीका लागि भनिएको आरक्षण समाजको सबैभन्दा तल्लो तहमा बसेका भूमिहीन किसान तथा मजदुरसम्म पुग्न नसक्नु नै हो । दिल्ली विश्व विद्यालयका प्राध्यापक डी प्रेमपतिले केही महिनाअघिको नेपाल भ्रमणताका भन्नुभएको थियो, 'हरेक १० हजारमध्ये एकले मात्र आरक्षणको माध्यमबाट रोजगारी पाउँछन् ।' यसले आरक्षणले मात्रै दलितको समस्या समाधान गर्दैन भन्ने देखाउँछ । यसले भूमिमा आरक्षण नभएसम्म दलितको समस्या ज्यूँका त्यूँ रहन्छ भन्ने पनि देखाउँछ ।

नेपालको दलित आन्दोलनले भूमि अधिकार सम्बन्धी व्यापक चर्चा, वहस र आन्दोलन गर्नैपर्ने बेला आईसकेको छ । दलितहरु आफ्नो परम्परागत पेसासँगसँगै भूमिसित पनि गाँसिएर आएका छन् । जस्तै वालीघरे, खलो खाने वा हलिया प्रथा । वालीघरे वर्षभरी परम्परागत पेसावाट विष्ट (साहु) को सेवा गरेवापत ४/५ पाथी, त्यो पनि कमसल अन्न दिने चलन हो । बाँच्नको लागि वा रिनको व्याज तिर्न वा अन्य बन्धनवापत लगभग कमैया जस्तै बसेर गरिने काम हलिया प्रथा हो । तराईका थारुले हलो जोतेकाले उनीहरुलाई कमैया भनिएपनि दलितले त्यस्तै काम गरेवापत उनीहरुलाई हलिया भनियो । कमैया प्रथा मुक्तिको घोषणा गरी उनीहरुको पुनर्बासको कार्यक्रम धमाधम संचालन भईरहेको छ तर हलियाको पुनर्वास धेरै टाढाको कुरा बनेको छ । उनीहरुको मुक्तिको पहलसम्म हुनसकेको छैन ।

> ***नेपालको दलित आन्दोलनले भूमि अधिकार सम्बन्धी व्यापक चर्चा, वहस र आन्दोलन गर्नैपर्ने बेला आईसकेको छ । दलितहरू आफ्नो परम्परागत पेसासँगसँगै भूमिसित पनि गाँसिएर आएका छन् । जस्तै वालीघरे, खलो खाने वा हलिया प्रथा । वालीघरे वर्षभरी परम्परागत पेसावाट विष्ट (साहु) को सेवा गरेवापत ४/५ पाथी त्यो पनि कमसल अन्न दिने चलन हो । बाँच्नको लागि वा रिनको व्याज तिर्न वा अन्य बन्धनवापत लगभग कमैया जस्तै बसेर गरिने काम हलिया प्रथा हो ।***

नेपाल मुलतः कृषिप्रधान देश हो । कुल जनसंख्याको ८१ प्रतिशत जनता अहिले पनि कृषिमै निर्भर छन् । दलित त परम्परागत पेसाले नै कृषिसँग जोडिएका छन् । देशमा को शक्तिशाली छ तथा कसको हातमा शासनसत्ता छ भन्ने कुरासँग समेत जमिनको सवाल प्रत्यक्ष गाँसिएको छ । सम्भवतः आफ्ना पितापुर्खाको मौजा नभई दिएको भए कोईराला परिवारले देशको प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्न सक्दैनथ्यो । अहिलेका नेता र उच्च पदस्थ कर्मचारी सबै जमिन तथा जमिन्दारसँग प्रत्यक्ष रुपमा गाँसिएका छन् । यसबाट पनि थाहा हुन्छ, नेपालमा जमिनले कति ठूलो भूमिका खेलेको रहेछ भनेर ।

दलितलाई सबैतिरबाट पछाडि पारिनुको प्रमुख कारण जमिन नै हो भन्नुमा अत्युक्ति नहोला । अब हेरौं तथ्यांकले के भन्छ । हालै मात्र सार्वजनिक गरिएको युएनडीपीको नेपाल मानव विकास प्रतिवेदन २००४ को मस्यौदा अनुसार नेपालमा कुल जनसंख्याको २४ दशमलव ४४ प्रतिशत जनता भूमिहीन छन् । यी मध्ये पहाडी दलितमा १५ दशमलव ३२ प्रतिशत र तराई दलितमा ४३ दशमलव ९८ प्रतिशत जनता भूमिहीन

छन् । अर्धभूमिहीनको संख्या तराई दलितमा ९ दशमलव ८९ र पहाडमा १५ दशमलव २४ प्रतिशत देखिएको छ । कुल जनसंख्याको १३ प्रतिशत दलितको अवस्थालाई हेर्ने हो भने पनि करिव ३० लाख दलित जनसंख्या मध्ये ८ लाख भूमिहीन छन् भने लगभग ४ लाख अर्ध भूमिहीन छन् । यसको मतलव १२ लाख जनसंख्या लगभग भूमिहीन छन् अर्थात उनीहरुको बाँच्ने आधार दुई हात पाखुरावाहेक केही छैन । भूमिहीन हुनु नै दरिद्र हुनु होईन, तर देशको ८१ प्रतिशत जनता कृषिमा निर्भर रहेको अवस्थामा भूमिहीन हुनुलाई दरिद्रतासँग सोझै गाँस्न सकिन्छ । यसरी दलित जनसंख्या मध्ये एक तिहाई भन्दा बढी अर्थात १२ लाखको भूमिमा पहुँच नै छैन भने उनीहरुको सम्मानपूर्वक बाँच्न पाउने अधिकारलाई कसरी सुनिश्चित गर्ने ? यो दलित आन्दोलनमा लाग्ने सबैका लागि एउटा गम्भीर चुनौतीको विषय हो ।

जमिन कसको हो, यसमा कसरी अधिकार स्थापित गर्ने भन्ने कुरा सबैको लागि एउटा अहं सवाल हो । सभ्यताको विकास नहुँदा मान्छे र पशुमा कुनै अन्तर थिएन । सारा पृथ्वी उनीहरुको घर थियो, व्यक्तिको केही थिएन । सभ्यताको सुरुवातसँगै व्यक्तिगत सम्पत्तिको पनि सुरुवात भयो र त्यो पिंढी दर पिंढीमा हस्तान्तरण हुँदै गयो । यो पिंढी दर पिंढीको अधिकार कसरी स्थापित भयो त भन्ने कुरा पनि उत्तिकै रोचक हुनसक्छ । जसले उक्त जमिन पहिलो पटक जोत्यो, त्यो जमिन उसैको भयो । तर राज्य सामन्ती प्रथावाट चल्ने चलन सँगसँगै जमिनमा पनि सामन्त वा शासकले कब्जा जमाउने चलन चलेको हो । कुनै पनि राज्य चल्नका लागि जनताले कर तिर्नुपर्ने हुन्छ । त्यो कर उत्पादनको स्रोतबाट आउने गर्छ भने कृषि व्यवस्थामा उत्पादनको प्रमुख स्रोत भनेको जमिन नै हो । त्यसैले हाम्रो जस्तो देशमा जमिन नै करको मुख्य स्रोत हुने नै भयो । तर जमिनको मालिक को हो त भन्ने कुरा आउँछ । आधुनिक राज्य प्रणालीमा यसको पहिलो मालिक राज्य नै हुन्छ भन्ने अवधारणा पनि छ । सम्भवतः यही सिद्धान्तका कारणले नेपालको राज्यव्यवस्थाले आफ्ना नातेदार, कर्मचारी तथा चाकरी चुक्लीवालालाई पुरस्कारस्वरुप जमिनलाई मौजाको रुपमा वितरण गर्न थालेको हो ।

कञ्चनपुर कालिका गाविसका जमिनदार तनुराज पन्तले कुराकानीका क्रममा सरकारले जमिनवाट कर उठाउनको लागि सबैभन्दा पहिले जमिन्दारलाई मौजा प्रदान गरेको हो, कालान्तरमा त्यही मौजा उनीहरुको जमिनदारी भयो भन्नुभएको थियो । हुन पनि मधेशमा बसेका मधेसी जमिन्दारलाई छोडेर हेर्दा तराईका धेरैजसो मौजा पहाडीया कै कब्जामा देखिन्छ । त्यहाँ पुस्तौंपुस्ता, पिंढी दर पिंढी औलो र अनेक रोग सहेर बसेका थारु र तराईका दलित भूमिहीन हुने, पहाडबाट त्यहाँ झरेकाहरु जमिनदार हुने, यो कसरी सम्भव छ, के ती जमिनदारले तराईवासीसँग पैसा तिरेर जमिन खरिद गरेका हुन ? अवश्य पनि होईनन् । यदि होईन भने परापूर्वकालदेखिका जमिनका जोताहा थारु, तराईका आदिवासी तथा दलित कसरी भूमिहीन हुन पुगे त ? सम्भवतः यही कुरालाई बुझेर होला, नेपालमा बेलाबखत जसको जोत उसको पोत भन्ने नारा पनि गुञ्जिने गर्छ ।

यसरी प्राकृतिक प्रणाली वा न्यायका हिसावले हेर्ने हो भने तराईका दलित तथा थारु र जनजाति, जसलाई भूमिपुत्र/पुत्री पनि भनिन्छ । भूमिमा उनीहरुको अधिकार स्थापित हुनु विल्कुलै न्यायसंगत देखिन्छ । तर दुर्भाग्यको कुरा, नेपाल आधुनिक न्यायप्रणालीलाई अँगालेर अगाडि बढेको धेरै भईसक्दा पनि यस पक्षमा केही हुन सकेको छैन । त्यसैले २०२१ को भूमिसुधार होस वा २०५८ सालको शेरबहादुर देउवाको ८ वुँदे घोषणा होस, यी दुवै निरर्थक सावित भएको अवस्थामा सरकारले भूमि बैंकको अवधारणा अगाडि सारेको छ । सम्भवतः आफुले जोत्न नसकेका जमिनदारको जमिन खरिद गरेर भूमिहीन किसानलाई बेच्ने नीति सरकारले लिएको होला । यसको कार्यान्वयन जसरी अगाडि बढेपनि संसदवादी दलित आन्दोलनले कमसेकम पनि ४ लाख भूमिहीन, दलित तथा हलियाको भूमि अधिकारका पक्षमा (कम्तीमा खेतीपाती गर्नका लागि नभए पनि कमैया जस्तै बसोबासका लागि मात्रै भएपनि) काम गर्नुपर्ने टडकारो आवश्यकता देखिएको छ । ■

**समाचार**

# एशियाली किसानहरूको जनमार्च सम्पन्न

'खाद्य सम्प्रभुता र जमिनमाथि किसानको अधिकार' भन्ने मूल नारासहित 'यशियाली जनमार्च २००४' हालै राजधानीमा सम्पन्न भयो । भदौ १६ गते मलेशियाबाट सुरुभएको जनमार्च एशियाका १३ र यूरोपका ३ गरी १६ राष्ट्र र भारतका १३ वटा राज्य हुँदै असोज १० गते नेपाल प्रवेश गरेको थियो । अखिल नेपाल किसान संघ, दक्षिण एशियाली गरिबी निवारण मंच र एशियाली क्षेत्रीय विषादी विरुद्धको सञ्जाल सम्मिलित जनमार्च मूल समितिको आयोजनामा भएको सो अभियानमा नेपाल, भारत, अमेरिका, ब्राजिल, मलेशिया, बेल्जियम, फिलिपिन्स लगायत राष्ट्रका प्रतिनिधिहरूको सहभागिता थियो । जनमार्चले काठमाडौं घोषणापत्रका रूपमा 'खाद्य सम्प्रभुतामाथि जनताको अधिकारलाई विश्वव्यापार संगठन (डब्लुटिओ) ले नियन्त्रण गरेको' निष्कर्ष निकालेको छ । 'खेतीपाती, बनजंगल, चरन, मत्स्यपालन जस्ता जनताका जीविकोपार्जनका साधनहरूमाथि स्थानीय समुदायको नियन्त्रण खुम्चदै गएकोमा त्यसमा पूर्णतः स्थानीय समुदायको नियन्त्रण हुनुपर्ने' जनमार्चले जनाएको छ । खाद्य सम्प्रभुत्ताको सम्बन्धमा किसान र जनसाधारणमाझ जागरण फैलाउने उद्देश्यले आयोजना गरिएको सो जनमार्चले विश्वव्यापी रूपमा जैविक अधिकार र किसानहरूको बीऊ बिजनमा अधिकारको निम्ति सामाजिक आन्दोलनमा जोड दिएको छ । ■

# न्यायको पर्खाइमा बेदर्तावाल मोहीहरु

● जयबहादुर श्रेष्ठ

श्री ५ को सरकारद्धारा राजपत्रमा मोही जग्गा बाँडफाँड सम्बन्धी सूचना प्रकाशित भएको थाहा पाएपछि सिन्धुपाल्चोक, गाती गाविस-३ का कामी तामाङ वडा मुचुल्का र गाविसको सिफारिस लिएर जिल्ला भूमिसुधार कार्यालय, चौतारामा निवेदन दिन पुगे । निवेदन दर्ता गर्न खोज्दा 'मिल्दैन' भन्ने कुरा जब कर्मचारीबाट उनले सुने तब साहुलाई खाइ नखाइ भरेको मुरीको मुरी बाली झल्झल्ती सम्झे । 'किन दर्ता मिल्दैन ?' भन्ने आटँसम्म गर्न नसक्ने तामाङ भूमि अभियानकर्मीको सहयोगमा आफूले जोतभोग गरी आएको जग्गाको अधिकार माग्न पहिलो चोटी सदरमुकाम पुगेका थिए । भूमिसुधार कार्यालयका प्रमुखबाट 'हुलाकमार्फत निवेदन हाल्नुस्' भन्ने सुनेपछि केही आशा मिसिएको झिनो स्वरमा उनले भने-'हुलाक कहाँ होला हजुर ?'

कामी तामाङ त एक उदाहरण मात्र हुन, उनको पीडाले देशको लाखौ बेदर्तावाल मोहीको प्रतिनिधित्व गर्दछ । सरकारले २०६१ साल चैत मसान्तभित्र मोही जग्गा बाँडफाँडको लागि निवेदन दिन सूचना प्रकाशित गरेपनि त्यसले बेदर्तावाल मोहीलाई न्याय दिलाउने देखिदैन । दर्तावाल मोहीको संख्या भन्दा दोब्बर संख्यामा रहेका बेदर्तावाल मोहीहरु जग्गावालाको शोषण खपेर जमिन जोतिरहन बाध्य छन् । कामी तामाङले भूमिसुधार कार्यालयमा जोतीरहेको जमिनको अधिकार पाउन मोही दर्ता भएको प्रमाण देखाउनपर्दथ्यो तर उनीसँग जोतभोगको कुनै प्रमाण पनि छैन । 'मैले अधिकार पाउनुपर्दछ' भनि सधिँयारको मूचुल्का र गाविसको प्रमाण लिएर जाँदा पनि आफ्नो निवेदन दर्ता नहुने भएपछि अब चौतारा गएको थाहा पाएर जग्गाधनीले जग्गा खोसी दिने पो हो कि ? भन्ने अर्को चिन्ता थपिएको छ उनलाई ।

***जीविकोपार्जनको महत्वपूर्ण साधन मानिएको भूमिमा वास्तविक जोताहाको अधिकार नहुँदा नेपालमा दिनानुदिन गरिबीको संख्या बढ्दै गइरहेको छ । अर्थात जनताको आखाँमा छारो हाल्नको लागि मात्र यस्ता सूचना प्रकाशित गर्ने सरकारले कहिल्यै पनि जोताहालाई न्याय हुने निर्णय गरेको छैन ।***

जीविकोपार्जनको महत्वपूर्ण साधन मानिएको भूमिमा वास्तविक जोताहाको अधिकार नहुँदा नेपालमा दिनानुदिन गरिबीको संख्या बढ्दै गइरहेको छ । अर्थात जनताको आखाँमा छारो हाल्नको लागि मात्र यस्ता सूचना प्रकाशित गर्ने सरकारले कहिल्यै पनि जोताहालाई न्याय हुने निर्णय गरेको छैन । सूचना प्रकाशित गर्ने निर्णय भएको पनि ६ महिनापछि मात्र सार्वजनिक गर्ने सरकारले फेरी एकपटक वेदर्तावाल मोहीलाई अन्याय गरेको छ ।

जिल्ला भूमिसुधार कार्यालयमा हुलाकमार्फत दर्ताको लागि पुगेको निवेदन हजारौको संख्यामा छ । 'ति निवेदनहरु मुसाले खाने, च्यातिने र हराउने भएका कारण हामीले हुलाकबाट पनि नलिने सोचेका छौ ।' कार्यालयका अधिकारीहरु भन्छन् । निवेदन कार्यान्वयन गर्न माथिल्लो निकायमा सिफारिश गरिरहँदा पनि वेवास्ता गरिएका कारण झन गाह्रो परेको उनीहरु बताउँछन् ।

देशमा लाखौको संख्यामा वेदर्तावाल मोहीहरु छन् । अधिकारको पर्खाइमा रहेको वर्षौं हुदाँसम्म पनि अन्यायको जातोमा पिल्सिरहनु पर्दा कतिपय त माओवादीमा समेत आकार्षित हुन थालेका छन् । अनावश्यक सूचनाहरु चाँहि पटक पटक प्रसारण गर्ने, बहुसँख्यक जनतासँग सम्बन्धित र थाहा नपाई नहुने यस्ता महत्वपूर्ण सूचनालाई चाँहि थाहा पाउलान् कि भनेर लुकाइ राख्ने सरकारी नियतले जोताहालाई भूमि दिने नियत देखाउँदैन ।

गरिबी न्यूनिकरणका लागि भूमिमा वास्तविक जोताहाको अधिकार हुने नीति ल्याउनुपर्दछ । अनिमात्र सामाजिक न्याय र समुन्नति हुनेछ । जोतभोगको आधारमा मोहियानी हक पाउने नीति नल्याएसम्म अधिकार पीडितहरुको निवेदन रद्दिको टोकरीमा पुगिनै रहनेछ । श्री ५ को सरकारले नेपाल राजपत्रमा २०६० साल फागुन २२ गते एक सूचना प्रकाशित गरी २०६२ सालको चैत मसान्तभित्र मोही जग्गा बाँडफाँड गरिसक्ने बताएको थियो । भूमिसम्बन्धी ऐन २०२१ को दफा २६, घ (१) ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावाल र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद २०६१ साल चैत मसान्तसम्म तोकिएपछि देशका ४ लाख भन्दा बढी र सिन्धुपाल्चोकका १० हजारभन्दा बढी बेदर्तावाल मोहीले विभिन्न प्रमाण जुटाइ निवेदन दिने तयारी गरिरहेका छन् । तर कामी तामाङलाई उदाहरणको रुपमा लिने हो भने प्रशासनले 'मिल्दैन' भनेर उनीहरुको निवेदन दर्ता गर्न मान्ने छैन । ■

# अभियान क्रियाकलाप

## सार्वजनिक सुनुवाई कार्यक्रम

खेतीपाती बाहेक जीविकोपार्जनको अर्को विकल्प नभएका करिब ५१ लाख नेपाली जनता भूमिहीन छन् । आफ्नो स्वामित्वमा जमिन नहुँदा भूमिहीन तथा मोही किसानहरु जमिन्दारको सर्तमा जग्गा जोतेर जीविका गर्न बाध्य छन् । अरुको जग्गा जोत्न नपाउने भूमिहीनहरु वर्षौंदेखि असुरक्षित ऐलानी जग्गामा बसोवास गर्छन् ।उत्पादनको मुख्य स्रोत भूमिको न्यायोचित वितरण गर्ने तर्फ राज्यले ध्यान नदिँदा भूमिहीनता र खाद्य सुरक्षाको सवाल चर्को समस्या बन्दै आईरहेको छ ।

भूमिसुधारका सरकारी नीति तथा कार्यक्रम पाँच दशकदेखि नै सामन्तवादी भूमिव्यवस्थालाई टिकाई राख्ने दाउपेचबाट अगाडि बढ्न नसकेको पृष्ठभूमिमा नेपाली भूमिहीन, जोताहा, दलित, कमैया, हलियाहरु  भूमि अधिकारको संघर्षमा जुटेका छन् । यसै सर्न्दभमा आफ्ना समस्याको समाधानका लागि ठोस नीति तथा कार्यक्रम ल्याउन माग गर्दै अधिकारबाट वञ्चित समूहका प्रतिनीधि,



सामाजिक संघसंस्था, पत्रकार र भूमिसुधार तथा व्यवस्था मन्त्री जोगमेहेर श्रेष्ठविच सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो ।

त्यस अवसरमा भूमिहीनको एकिन लगत तयार गरी वास र खेतीको लागि आवश्यक जमिन उपलब्ध गराउनु पर्ने, जग्गावाल एवं गुठीको जग्गा जोतिआएका जोताहालाई जोतभोगको आधारमा मोहियानी हक प्रदान गर्नुपर्ने, मुक्त घोषित कमैयालाई बास र खेतीको लागि उपयुक्त एवं पर्याप्त जग्गा उपलब्ध गराईनु पर्ने, हलियाहरु बसिरहेको तर दर्ता नभएको जग्गा हलियाको नाममा दर्ता गर्नु पर्ने लगायतका विषयमा सार्वजनिक सुनुवाई र छलफल भएको थियो ।

“भूमि अधिकारबाट वञ्चितहरुको आवाज” विषयक उक्त कार्यक्रम सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको व्यवस्थापन एवं भूमि अधिकारको लागि राष्ट्रिय सरोकार समुहको आयोजना तथा विभिन्न २० संस्थाको ऐक्यवद्द्तामा श्रावण १३, २०६१ मा सम्पन्न भएको थियो । सो अवसरमा भूमिहीन दलित प्रतिनिधि गणेशराम, मोही प्रतिनिधि लक्ष्मण चौधरी, कमैया प्रतिनिधि नत्थुराम थारु, हलिया प्रतिनिधि डम्मर टमटा लगायतका व्यक्तिहरुले सरकारसँग भूमि अधिकारको ग्यारेण्टी गर्न माग गर्दै यसो नभएमा देशव्यापी आन्दोलन थालिने बताए । कार्यक्रमका मुख्य अतिथी भूमिसुधार तथा व्यवस्था मन्त्री जोगमेहर श्रेष्ठले सरकारले भूमिसुधारका समस्यालाई संबोधन गर्ने तवरले नयाँ कार्यक्रम ल्याउन आवश्यक गृहकार्य गरिरहेकोले कार्यक्रममा उठेका समस्या त्यसपछि संबोधन हुने र भूमिहीनताको विषयमा भने तत्काल आवश्यक प्रक्रिया अगाडि बढाउने जानकारी दिनुभयो तर उहाँले ठोस कार्यक्रम भने बताउनु भएन । उहाँले गैरसरकारी संस्थाहरु पनि सरकारसँग मिलेर अगाडि बढनुपर्ने र यसरी भूमि समस्या समाधान गर्न सकिएमा समाज विकासमा महत्वपुर्ण फड्को प्राप्त हुने बताउनुभयो ।

## भूमि अधिकार अभियानका बारेमा छलफल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, उत्पीडित समुदाय जागरण मञ्च, डोक्फा नेपाल र सामाजिक विकास तथा अनुसन्धान केन्द्रको आयोजनामा बाँकेमा भूमि अधिकार अभियानबारे एक वृहद छलफल सम्पन्न भयो । छलफलमा पत्रकार, पीडित र सम्बन्धित संस्थाका प्रतिनिधी सहित ६४ जनाको उपस्थिति थियो । भूमि सम्बन्धी समस्या समाधानमा के के संस्थागत प्रयासहरु भए, नागरिक समाजको भूमिका के हुनुपर्छ र आगामी दिनमा कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल केन्द्रित थियो । छलफलमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले भूमिको सवाललाई साझा सवाल बनाउनु पर्ने विषयमा कार्यपत्र प्रस्तुत गर्नुभयो । छलफलमा बाँके जिल्लाको भूमिसम्बन्धी समस्या, हालसम्मको उपलब्धी र सिकाइका बारेमा डोक्फा नेपालका अभियानकर्ता पूर्णबहादुर सुनार र अनुसन्धान केन्द्रका लालमणि भण्डारीले प्रकाश पार्नुभएको थियो । कार्यक्रमका सहभागीहरुले भूमि अधिकार अभियानलाई अगाडि बढाउन सघाउने प्रतिवद्धता जाहेर गरेका थिए ।

## भूमि अधिकार बारे पत्रकार सम्मेलन

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र नेपाल प्रेस इस्टिच्युट, क्षेत्रीय संचार श्रोत केन्द्र नेपालगञ्जको आयोजनामा असार ३० गते नेपालगञ्जमा भूमि अधिकार अभियानबारे पत्रकार भेटघाट तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका निर्देशक जगत बस्नेतले उत्पादनको प्रमुख स्रोत भूमि र प्रमुख उत्पादक किसान भएकोले भूमि वास्तविक किसानको नियन्त्रणमा नरहेसम्म देशले सामाजिक तथा आर्थिक रुपमा प्रगती हासिल नगर्ने ठोकुवा गर्नुभयो । ‘अब पनि  भूमिसुधार गर्न ढिला गर्नु भनेको अझै विपत्तीलाई निम्त्याउनु हो’ भन्दै उहाँले भूमिसुधार जटिल मुद्दा भएकोले सबैको सहयोगमा मात्र यसले सार्थकता पाउने विचार राख्नुभयो ।

कार्यपत्रमाथि टिप्पणी गर्दै बुद्धिजिवी गणेश रेग्मी र डा.जनार्दन आचार्यले भूमि सम्बन्धी प्राप्त तथ्याङ्क पर्याप्त नभएको र यसलाई

व्यवस्थित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो । नेपाल प्रेस इन्स्टिच्युट नेपालगञ्जका अध्यक्ष पन्नालाल गुप्ताले सरकारी भूमिसुधार केवल देखावटी र कागजको खोस्टामा मात्रै सीमित भएको हुँदा सामान्ती संस्कार जीवित रहेसम्म गरिबी निवारणको लक्ष्य पुरा नहुने बताउनुभयो । 'भूमिसुधारका सम्बन्धमा सबै पक्ष इमान्दारितापूर्वक लाग्नुपर्छ । सञ्चार माध्यमले पनि यसबारे कलम चलाउन आवश्यक छ ।' उहाँले भन्नुभयो । यसैबीच नेपाल पत्रकार महासंघ जिल्ला शाखा चितवन र क्षेत्रीय सञ्चार स्रोत केन्द्र बुटवलको आयोजनामा भरतपुरमा पनि भूमिअधिकार अभियानबारे पत्रकार भेटघाट सम्पन्न भएको छ ।

## हकका लागि निवेदन पेश

बास र जीविकाको लागि वर्षौंदेखि चुरेक्षेत्रमा रहेका महोत्तरीका बर्दिवास, गौरीवास, खयरमारा र माईस्थानका २ हजार ७ सय ९९ परिवारले आफुहरुले भोग गरिरहेको जमिनको हकका लागि निवेदन पेश गरेका छन् । श्री ५ को सरकारद्धारा गत भदौ २२ गते प्रकाशित राजपत्र अनुसार उनीहरुले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जग्गा दर्ता प्रयोजन समिति समक्ष जमिनको हकका लागि निवेदन पेश गरेका हुन् । कमजोर भू-भागको रुपमा रहेको चुरेको संरक्षणका लागि त्यस क्षेत्रमा बसोवास गरिरहेका मानिसहरुको बसोवासलाई व्यवस्थित गराउने र चुरे संरक्षणको जिम्मेवारी स्थानीय जनतालाई दिनुपर्ने स्थानीयवासीहरुको माग छ । भू-स्वामित्वको स्पष्ट किटानीपछि मात्र चुरेको संरक्षण हुने कुरामा यसका जानकारहरुमा पनि एक मत देखिन्छ । पेश भएका निवेदन उपर शीघ्र कार्वाहीको माग समेत उनीहरुले गरेका छन् । ती निवेदनहरु भूमि अधिकारका लागि कार्यरत समूह र चुरे संरक्षण तथा भूमि अधिकार सरोकार मंच महोत्तरीको सक्रियतामा पेश गरिएको हो । उक्त कार्यमा महिला सहयोगात्मक समाज, चुरे जलाधार संरक्षण परियोजना र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहजीकरण गरेका थिए ।

त्यसैगरी साउन र भदौमा मात्र देशभरबाट ६३ हजार भूमिहीनले भूमि दर्ताका लागि निवेदन पेश गरेका छन् । बास र जीविकाको लागि वर्षौंदेखि ऐलानी एवं ब्लक जग्गामा बसोवास गरिरहेका ती भूमिहीनले भोग गरिरहेको जमिनको हकका लागि निवेदन पेश गरेका हुन् । श्री ५ को सरकारले गत भदौ २२ गते प्रकाशित राजपत्र अनुसार उनीहरुले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जग्गा दर्ता प्रयोजन समिति समक्ष पेश गरिएका निवेदनको शीघ्र कार्वाही हुनुपर्ने माग गरेका छन ।

## भूमिहीन तथा मोही किसानको अधिकारबारे अभिमुखीकरण

भूमिहीन तथा मोही किसानलाई राज्यको भूमिसम्बन्धी नीतिका विषयमा जानकारी गराउने एवं हकका लागि निवेदन पेश गर्न आवश्यक प्रक्रिया स्पष्ट गर्ने उद्देश्यले भदौ ७ गते मलंगवामा अभिमुखीकरण तालिम सम्पन्न भयो । कार्यक्रममा विभिन्न सामाजिक कार्यकर्ता, भूमि अधिकारबाट बञ्चितहरु, सामुदायिक संघसंस्थाका अगुवा समेत गरी ३६ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा भूमिअधिकार समूह निर्माण गरी अधिकारका लागि योजना निर्माण समेत गरिएको छ । कार्यक्रम प्रेरणा, सर्लाही र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको आयोजना तथा एक्सनएड ईन्टरनेशनल नेपालको सहकार्यमा सम्पन्न भएको थियो ।

## प्रधानमन्त्रीलाई ज्ञापनपत्र

भूमिसमस्याको समाधान गर्नुपर्ने तथा पेश भएका निवेदनको कार्वाही अगाडि बढाउनु पर्ने माग राख्दै विभिन्न २१ जिल्लाका किसान तथा सरोकारवाला संस्थाहरुले सम्बन्धित प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्री समक्ष ज्ञापन पत्र पेश गरेका छन् । उक्त मागउपर दुई महिना भित्र सरकारले उपयुक्त कदम नउठाएमा थप आन्दोलनका कार्यक्रम अगाडि बढाउने ज्ञापनपत्रमा उल्लेख छ । ज्ञापनपत्र पेश गर्नु अघि ती सवै जिल्लामा ऱ्याली तथा सभाको आयोजना गरिएको थियो ।

## हकको खोजी गर्दै किसानहरू राजधानीमा

पुस्तौंदेखि भोगचलन गर्दै आएको जमिन आफ्नो नाममा गराउन नसकेपछि पीडित किसानहरुको समूह न्यायका लागि राजधानी आईपुगेका छ । उखडा जग्गा जोतिरहेका कपिलवस्तु र रुपन्देहीका करिब ५ हजार किसानहरुको प्रतिनिधित्व गर्दैआएको एक टोलीले भूमिसुधार तथा व्यवस्था मन्त्री जोगमेहर श्रेष्ठलाई भेटेर आफ्नो पीडा पोख्यो । टोलीले समस्याबारे जानकारी गराई समाधानका लागि पहल गरिदिन २०६१ भाद्र ३१ गते शुक्रबार पत्रकार भेटघाट कार्यक्रम समेतको आयोजना गरेको थियो । उखडा समस्या समाधानका लागि कपिलवस्तु संस्थागत विकास समिति, कालिका स्वावलम्बन सामाजिक केन्द्र, कपिलवस्तु, ग्रामिण सामुदायिक विकास केन्द्र र सफल विकास केन्द्र, रुपन्देही लगायतका संस्थाहरुले अभियान संचालन गरिरहेका छन् ।

नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत रहेको तराईका तीन वटा जिल्लाहरु कपिलवस्तु, रुपन्देही र नवलपरासी जिल्लाका हजारौं किसानहरु आफुले जोतिरहेको जग्गाको प्रमाणबाट बञ्चित छन् । 'उखडा जग्गा बारे विवरण लिन खटाइएको टोलीमा जमिन्दारले नाम लेखाउन दिएनन, कतिको विवरण आफैंले भरे, हामीलाई धाकधम्की दिए, त्यसैले आजसम्म भूमिहीन हुनुपऱ्यो' राजधानी आईपुगेका पीडित मध्येका कपिलवस्तु बेदौलीका रामदेव यादवले गुनासो गरे ।

पीडितहरुका तर्फबाट कपिलबस्तुमा ३ सय, रुपन्देहीमा दुई हजार १ सय २ र नवलपरासीमा एक सय ८० वटा निवेदन परेपछि उखडा समस्या समाधान गर्न २०६० साल मंसिर १ मा मन्त्रिपरिषदको निर्णय बमोजिम समिति गठन गरिएको भएपनि समितिको म्याद सिद्दिनलाग्दासम्म १ जनालाई मात्र पूर्जा दिईएको छ । समितिले अंगिकृत नागरिकता भएका किसानलाई जग्गा दर्ता गर्न नमिल्ने भन्ने कार्यविधी तय गरेकोले समस्या सुल्झिन नसकेको र यसका लागि यो अड्चन हटाउनु पर्ने विचार कपिलवस्तु संस्थागत विकास समितिका अध्यक्ष विश्वराज रेग्मीको रहेको छ । त्यस्तै ग्रामीण सामुदायिक विकास केन्द्र, रुपन्देहीका अध्यक्ष मुक्तिराम पोखरेलले 'कतिपय उखडा जग्गा जोतिरहेका खास किसानहरुसँग तोकिएका कागजी प्रमाणहरु नभएकाले जोतभोगको आधारमा नयाँ लगत लिन सकिने गरी समितिको कार्यक्षेत्र र म्याद बढाउनु पर्ने बताउनुभयो । अंगिकृत नागरिकतालाई मान्यता दिनुपर्ने, जोतभोगको आधारमा जग्गा दर्ता गर्नुपर्ने, समितिमा परेका निवेदनहरुको शिघ्र छिनोफानो गर्नुपर्ने,



उखडा जग्गा दर्ता समितिको म्याद बढाउनु पर्ने, पीडित र स्थानीय संस्थाहरुको सहकार्यमा काम गर्नुपर्ने लगायतका माग स्थानीय किसान र त्यस सवालमा काम गरिरहेका संस्थाहरुको छ । 'हाम्रो समस्या र मागहरु मन्त्री समक्ष राख्यौं, मन्त्रीज्यूले समाधान गरिदिने आश्वासन दिनुभएको छ । समयमै समाधान नभएमा हामीहरु थप अभियानमा उत्रने छौं ।' उखडा पीडित किसान समूहका अध्यक्ष हकिम दर्जीले भन्नुभयो ।'

## भूमिअधिकार जनवकालत तालिम

बाँकेका दुइ सहयात्री संस्था सामाजिक विकास तथा अनुसन्धान केन्द्र र डोक्फा नेपालको संयुक्त आयोजना र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा भूमि अभियानकर्मी र स्थानीय भूमि अधिकार समितिका अगुवालाई भाद्र २९ र ३० गते बाँकेमा भूमिअधिकार जनवकालत तालिम प्रदान गरियो । तालिममा अभियानकर्मी र अगुवा समेत गरी ३० जनाको सहभागिता थियो । वर्तमान भूमिनीतिबारे जानकारी दिने र भूमि अधिकार र गरिबी निवारणबारे छलफल गर्ने र अभियानकर्ताको भूमिकाबारे स्पष्ट पार्ने तालिमको उद्देश्य थियो । तालिममा सहभागीहरुले अभियानको भावी योजना तयार गरेका थिए ।

## त्रैमासिक समिक्षा

२०६१ असोज ७ र ८ गते चितवनको नारायगढमा भूमिअधिकार अभियानकर्ताहरुको आवधिक समिक्षा गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसँग प्रत्यक्ष सहकार्य गर्ने र अप्रत्यक्ष रुपमा भूमि अधिकार अभियानमा लाग्ने संस्थाहरुका ३७ जना प्रतिनिधि र अभियानकर्ताहरुको उपस्थिति थियो ।



त्यसक्रममा १९ जिल्लाका २२ सहयात्री संस्थाको सहभागीता थियो । कार्यक्रममा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत बस्नेतले सहभागीहरुलाई स्वागत गर्नुभएको थियो। भूमि आन्दोलनमा लागेकाहरुले अझ संगठित हुदै आन्दोलनलाई प्रभावकारी बनाउनु पर्ने उहाँले बताउनुभयो । एकआपसका अनुभव आदानप्रदान गर्दै गरिबी निवारणको मूल पाटोको रुपमा रहेको यस भूमि अभियानलाई थप उर्जाका साथ अझै प्रभावकारी ढंगले अघि बढाउने आशा त्यसक्रममा लिइएको थियो ।

कार्यक्रमको निश्कर्ष थियो-'सा.आ.से.के. २००४ को जनवरीबाट विभिन्न सहयात्री संस्थासँग हातेमालो गर्दै अघि बढेको छ । सुरुवातमा जोखिमपूर्ण अवस्थाबाट यस अभियानमा लागिएता पनि हाल जोखिमबाट केही मुक्ति मिलेको अनुभव गरिएको छ । भूमि अधिकारमा काम गर्ने र चासो राख्ने संस्था एवं व्यक्तिहरुको उल्लेख्य वृद्धि भएको छ । विस्तारक्रम अवधी छोटो भएतापनि इटहरी देखि चितवनको दोस्रो समिक्षासम्म सा.आ.से.के.ले ठूलो फड्को मारेको र व्यापक रुपमा जनसंगठन परिचालन हुनुका साथै विषयवस्तुप्रति स्पष्टता र विश्वश्तता बढेको अनुभव सबैको छ । यो अभियान खोला झै बढ्दै जाने र यसमा निरन्तर सहयोग रहने छ ।' कार्यक्रममा डानिडा हुगोका प्रतिनिधि कृष्ण पाठकले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

## भूमि अधिकार सरोकार समूहको राष्ट्रिय सम्मेलन



भूमि अधिकार राष्ट्रिय सरोकार समूहको पहिलो राष्ट्रिय सम्मेलन असोज ९ र १० गते चितवनमा सम्पन्न भयो । असोज ९ गते देखि शुरु भएको यो सम्मेलनमा २१ जिल्लाका ५३ जना प्रतिनीधिहरुले भाग लिएका थिए । सम्मेलनले समूहको विगतको कामको समिक्षा गर्दै आगामी २ वर्षको कार्ययोजना बनाएको छ । साथै समूहको ११ सदस्सीय स्थायी समिति पनि निर्माण गरिएको छ । समितिका अध्यक्ष सरेश नेपाल र सचिवमा जगत बस्नेत हुनुहुन्छ भने सदस्यहरुमा जुलिया चित्राकार, दुर्गा दाहाल, ज्ञानु गैरी, केशव दाहाल, गणेश वि.क., पशुपति चौधरी, कौशलेन्द्र राम, सन्तबहादुर चेपाङ र बीरबहादुर वि.क. छन् । सम्मेलनमा सरोकार समूहको भूमिका, आचारसंहिता र जनसंगठन निर्माण आदिका विषयमा विस्तृत छलफल गरिएको थियो । यसअघि असोज ७ र ८ गते १८ जिल्लाका अभियानकर्ताहरुले हाल भईरहेको अभियानको समिक्षा गरी कार्ययोजना निर्माण गरेका थिए । सम्मेलनले जारी गरेको घोषणा पत्रमा कमैया, मोही, हलिया, कमलरी लगायत्का प्रथाहरुको बिरुद्ध आन्दोलनलाई केन्द्रीत गर्दै लैजाने उल्लेख गरिएको छ । घोषणापत्रमा भूमिहीन किसानको अधिकारको लागि स्वयं पीडितहरु नै सशक्तरुपमा आन्दोलित हुनुपर्ने र सोको लागि कानुन तथा नीतिमा नै परिवर्तन गर्नुपर्ने उल्लेख छ । ■

# जिल्लागत तहमा परेका मुद्दा, निवेदन विवरण

श्री ५ को सरकारले भदौ २२, २०६०मा नेपाल राजपत्र प्रकाशित गरी ४२ जिल्लाहरुमा सुकुम्बासी समस्या समाधान आयोगले गरेका निर्णय कार्यान्वयन गर्ने र अधिराज्यका स्ववासी, गाउँब्लक तथा आँकडा जग्गा दर्ता गर्ने प्रयोजनको लागि जिल्ला समिति गठन गरी काम कर्तव्य र अधिकारका साथै त्यसको १ वर्ष कार्यवधि तोकेको थियो । तर यस अवधिसम्म पनि समिति गठन नभएकोले निवेदन हाल्ने, मुद्धा दर्ता गर्ने जस्ता कार्यहरु पर्याप्त हुन सकेन । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा संचालित भूमि अधिकार अभियान अन्तर्गत स्थानीय तहका विभिन्न गैरसरकारी संस्थामार्फत निवेदन र मुद्धा दर्ता कार्यहरु भए । ती यसप्रकार छन् ।

| जिल्ला | प्रकृति | संख्या |
|---|---|---|
| **बर्दिया** | - सुकुम्बासी निवेदन दर्ता<br>- आधाजग्गा छाडी आधा जग्गा<br>- निर्णयमा परेको<br>- छुट मुक्त कमैया<br>- कार्डका आधारमा जग्गा उपलब्ध<br>- ज.ध.द.प्र.पु.अनुसार ज.प्र.गरिपाउँ | ४२१<br>५४<br>७<br>७३<br>३३<br>८ |
| **बाँके** | - मोही मुद्दा दर्ता<br>- सुकुम्बासी मुद्दा दर्ता<br>- श्रेस्ता कायम गर्न<br>- कमैया | ३८२<br>६८७६<br>८५६<br>२४ |
| **डडेल्धुरा** | - हलिया मुद्दा<br>- भूमि प्राप्त (ज.ध. प्र.पू.प्राप्त)<br>- अन्य | २ जना<br>१७ परिवार<br>गुठी २९, छुटपिट ११ जना |
| **महोत्तरी** | - सुकुम्बासी निवेदन दर्ता | २७९९ घरधुरी |
| **सिरहा** | - सुकुम्बासी मुद्दा दर्ता | १३३८० |
| **दाङ** | - सुकुम्बासी दर्ता<br>- मोही दर्ता<br>- कमैया पूनर्स्थापना<br>- अस्थायी लालपुर्जा<br>- पाँच कट्ठा थप गरी पाउँ<br>- पुन निवेदन | १६९३<br>२१<br>१८९<br>७०<br>३६<br>३० मोही र २१ कमैया (भएको जग्गामा चित्त नबुझेको हुनाले) |
| **सप्तरी** | - सुकुम्बासी निवेदन दर्ता | १२००० |
| **कपिलबस्तु** | - उखडा जग्गा दर्ता<br>- जग्गा बाँडफाँडका लागि | ३२५<br>१५४८ |
| **सिन्धुपाल्चोक** | - वेदर्तावाल गुठी जग्गा दर्ता<br>- छुट जग्गा दर्ता<br>- मोही बाँडफाँड<br>- ब्लक नापी<br>- हक प्राप्ति सुकुम्बासी<br>- ३५ दिने हक दाबी<br>- फिल्ड सर्जमिन<br>- म्याद तामेली<br>- गुठी अधिनस्थ | ५४३<br>१४८<br>७७<br>२०२<br>२५<br>९१३<br>३१७<br>३२<br>१०९ |
| **सुनसरी** | - सुकुम्बासी निवेदन दर्ता | १३,२६७ |

## भूमि, नागरिकता र आरक्षण माग गर्दै

# दशौं हजार दलितहरूको प्रदर्शन

मुख्य रूपमा भूमि, नागरिकता र आरक्षण अधिकारको माग राख्दै असोज १४ गते सप्तरीको राजविराजमा दशौं हजार दलितहरूले विरोध प्रदर्शन गरे । 'क्रान्तिकारी भूमिसुधार लागू गर, आरक्षण व्यवस्था लागू गर, जमिनको हदबन्दी चार विगाहा कायम गर' जस्ता नाराहरु लेखिएका व्यानर र प्लेकार्डसहितको हजारौंको जुलुस नगर परिक्रमा गरी राजविराजस्थित राज रंगशालामा एकीकृत भएको थियो । जुलुसमा मूलतः तराईका मुसहर, चमार, डोम, दुसाद समुदायका दलित महिलाहरूको समेत उल्लेख्य सहभागिता थियो । खाली खुट्टा समेत आन्दोलनमा आएका दलितहरूको एउटै आवाज थियो, 'सबैभन्दा पहिले हामीलाई भूमि चाहिन्छ ।'

राज रंगशालामा आयोजित विशाल सभालाई सम्बोधन गर्ने क्रममा वक्ताहरूले पूर्णरुपमा 'भूमि, नागरिकता र आरक्षणका अधिकारहरु संविधानसभाको निर्वाचनले मात्रै दिनसक्ने भएकाले दलित आन्दोलनलाई राजनैतिक आन्दोलनसँग जोड्नुपर्ने कुरामा जोड दिए । सभालाई संबोधन गर्दै नेपाल कम्युनिष्ट पार्टी (एकताकेन्द्र-मसाल)का प्रवक्ता स्वनामले अन्याय, अत्याचार, शोषण, थिचोमिचो भोगिरहेका दलित, उत्पीडितहरूले एकताबद्ध भएर हातमालो गर्दै आन्दोलन देशव्यापी बनाउनुपर्ने बताउनुभयो । जमिनको वास्तविक मालिक बन्नबाट बञ्चित बनाइएका दलितहरूले आफ्नो समुदायको सुरक्षा गर्न स्वयंसेवक दल र सुरक्षा दल बनाउनु पर्ने उहाँले भन्नुभयो ।

वरिष्ठ प्रगतिवादी साहित्यकार खगेन्द्र संग्रौलाले प्रश्न गर्दै भन्नुभयो, 'खाली खुट्टा जुलुसमा आएकाहरूको जमिन खोइ, इज्जत खोइ ?' 'मान्छेको जीवनसँग अभिन्न रूपले गाँसिएको भूमिबाट बञ्चित पारिएका तपाईंहरूको देश छैन, तपाईंहरू देश खोज्न आउनुभएको छ, मुक्ति तपाईंहरूकै हातमा छ ।' संग्रौलाको कथन थियो । नेविसंघका पूर्व महामन्त्री गगन थापाले हातखुट्टा बाँधिएका र आँखा बन्द गराइएका दलितहरूले नयाँ संविधानको निम्ति आन्दोलित हुनुपर्ने बताउनुभयो । 'दुई सय ३५ वर्षदेखि शासनसत्तामा रहेर शोषण गर्दै मोटाउन पल्केका शासकहरूले पुरानै सामाजिक संरचना टिकाउन खोजिरहेका छन् ।' थापाले भन्नुभयो, 'पुरानो संरचनाकै वरिपरि रहन रुचाउनेहरू विरुद्ध स्वयं उत्पीडनमा पर्नेहरू सशक्त भएर आन्दोलित हुनु जरुरी छ । शोषण-उत्पीडनकारी सामाजिक संरचना भत्काएर समुन्नत संरचना स्थापित गर्न र संविधानमै दलितहरूको हकअधिकार स्थापित गर्न संविधानसभाको निर्वाचन हुनुपर्ने भएकोले दलितहरूको आन्दोलन राजनीतिक आन्दोलनसँग पनि गाँसिन जरुरी छ ।'

राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपालले जनता कंगाल बनाई हजारौं विघा जमिन बाँझो राख्ने राज्यसत्ताका ठेकेदारहरुले नै सामाजिक परिवर्तनमा भाँजो हालिरहेको चर्चा गर्दै जमिनदारी प्रथा समाप्त गर्न दलितहरू सशक्त हुनुपर्ने बताउनुभयो । गरिबी निवारण गर्न जमिन जोत्नेको हुनुपर्ने माग दोहोर्‍याउँदै नेपालले भन्नुभयो-'सामाजिक परिवर्तन गर्न भूमिको समानुपातिक वितरण हुनुपर्छ, जनतालाई जमिनको मालिक बनाउन, गरिबीबाट मुक्त गर्न र सामाजिक न्याय स्थापित गर्न संविधानसभाको निर्वाचन आवश्यक छ ।'

सभामा क्षेत्रीय दलित नेटवर्कका गणेश वि.क., हीरालाल विश्वकर्मा, बृद्ध दलित नेता दुःखी राम, मुगु (कर्णाली)का वसन्त परियार, दलित महिला पारोदेवी लगायतका वक्ताहरूले दलितहरूले न्यायपूर्ण सामाजिक आन्दोलनलाई देशव्यापी बनाउन सबैलाई सहयोग गर्न आग्रह गर्नुभयो । भूमि, नागरिकता र आरक्षणका लागि संयुक्त संघर्ष समिति, सिरहा-सप्तरीका सचिव असर्फी सदाले सहभागीहरूलाई स्वागत गर्दै समानता, न्याय र स्वतन्त्रताको निम्ति भएको संघर्ष समितिको शान्तिपूर्ण आन्दोलन अग्रगामी






थिए । सभामा आन्दोलनलाई सशक्त बनाएर त्यसैको आधारमा संगठित गर्न भूमि, नागरिकता र आरक्षणका लागि 'राजविराज घोषणापत्र- २०६१' जारी गरिएको छ। घोषणापत्र दलित विद्यार्थी नेता उमेश बरालले वाचन गर्नुभएको थियो ।

सिरहा-सप्तरीमा ५ वर्षअघि सिनो नफालेको कारण चरम नाकाबन्दी बेहोरेका बहुसंख्यक दलितहरूको बसोबास गर्ने जमिन छैन । नागरिकताविहीन उनीहरू झण्डै ९५ प्रतिशत भूमिहीन छन्। पटक-पटक उनीहरूमाथिको ज्यादती दोहोरिन थाल्यो । स्थानीय प्रशासनले पनि उनीहरूको मागप्रति बेवास्ता गरेपछि राज्यको ध्यान केन्द्रित गराउन ४८ घण्टे अनसनसहित उनीहरूले विशाल प्रदर्शनको आयोजना गरेका हुन् । अनसनस्थल गएर राजनीतिक नेताहरु, संचारकर्मी, समाजका विभिन्न तह र तप्काका व्यक्तित्वहरूले अनसनप्रति ऐक्यबद्धता जाहेर गरेका थिए । झण्डै ५० भन्दा बढी संघसंस्थाहरू अनसनमा सामेल थिए ।

परिवर्तनमा केन्द्रित भएको बताउनुभयो । संघर्ष समितिका अध्यक्ष बलदेव रामको सभापतित्वमा सम्पन्न कार्यक्रमको संचालन अर्जुन थपलियाले गर्नुभएको थियो । ०५६/०५७ को सिनो बहिष्कार आन्दोलनसँगै सचेत भएका सिरहा र सप्तरीका दलितहरूले भूमि, नागरिकता र आरक्षणको मागसहित आन्दोलनमा उत्रिएपछि पूर्वदेखि पश्चिमसम्मका दलितहरू राजविराजमा एकीकृत भएका थिए । मुलुककै सबैभन्दा बढी दलितहरू बसोबास गर्ने सिरहा र सप्तरीका दलितहरूको न्यायपूर्ण आन्दोलनलाई राजनीतिक आन्दोलनसँग जोड्न सचेत प्रयत्नको जरुरी भएको सभामा प्रायः सबैले औंल्याए ।

१२ र १३ गते राज रंगशालामा ४८ घण्टे स्वेच्छिक अनसन बसिरहेका करिब ५ सय अनसनकारीहरूलाई स्वनाम र खगेन्द्र संग्रौलाले सर्वत खुवाई अनसन तोडाउनुभएको थियो । अनसनमा बृद्ध महिलाहरूको उल्लेख्य सहभागिता थियो । झण्डै १ बजेतिर निस्किएको जुलुस त्रिभुवन चोक, नेता चोक, सिरहा रोड, अदालत रोड हुँदै रंगशालामा पुनः एकतृत भई सभा चलिरहँदा दलितहरूले मंचको पूर्वपट्टि भागमा मान्छे-मान्छेबीच भेदभाव गर्न सिकाउने र उत्पीडन व्यवस्थित गर्न प्रेरित गर्ने मनुस्मृतिको पुत्ला जलाएका

अनसनमा सामेलहरूमध्ये रीतादेवी सदा, दुःखी राम, शान्तिदेवी सदा, लुखियादेवी राम, सुवध राम, फुलेश्री राम गम्भीर विरामी परी अस्पताल भर्ना हुनुभएको थियो । उपचारपछि चार महिलाहरू पुनः असनसनमै फर्किएका थिए ।

०५६ सालको सिनो बहिष्कारविरुद्धको संघर्षको नेतृत्व गर्नेमध्येका दलित नेता बलदेव रामको अध्यक्षतामा गठित 'भूमि, नागरिकता र आरक्षण अधिकार लागि दलित संघर्ष समिति सिरहा र सप्तरी' यसको मुख्य आयोजक हो । समितिका उपाध्यक्ष र सचिवमा सुपरिचित दलित नेताहरू क्रमशः दुःखी राम र असर्फी सदा रहनुभएको छ । २०१ सदस्यीय यस समितिको अलावा जनचेतना दलित संगम, सरस्वती सामुदायिक विकास मञ्च, दलित नेटवर्क सिरहा र सप्तरी, दलित जनजागरण सेवा समिति, जोताहाहरूको समूह, नेपाल बसोबास बस्ती संरक्षण समाज, दलित जनकल्याण युवा क्लब, भूमिअधिकार राष्ट्रिय सरोकार समूह, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, दलित समाज सेवा संघलगायत सिरहा र सप्तरीमा कार्यरत संघ/संस्थाहरू रहेका थिए । ५० भन्दा बढी संघ/संस्थाहरूले कार्यक्रमप्रति ऐक्यबद्धता जाहेर गरेका थिए । ■

# जग्गा बाँडफाँड गर्ने म्याद थप

श्री ५ को सरकारले मोही लागेको जग्गा बाँडफाँड गर्ने म्याद पुनः थप गरेको छ। सरकारले भूमिसम्बन्धी ऐनमा अध्यादेशमार्फत छैठौं पटक संशोधन गरी आवश्यक म्याद थप गर्न राजपत्रमा सूचना प्रकाशित गर्नसक्ने कानुनी बाटो खुला गरेको हो। ऐनको अधिनमा राजपत्रमा प्रकाशित सूचनाअनुसार जग्गा बाँडफाँडका लागि निवेदन हाल्ने समय २०६१ साल चैत मसान्तसम्म थप गरिएको छ।

त्यस्तै पर्न आएका निवेदनको छिनोफानो २०६२ साल चैत मसान्तभित्र गरिसक्नुपर्ने व्यवस्था गरिएको छ । यस अघि भूमिसम्बन्धी ऐनमा चौथो पटक संशोधन गरी मोहियानी हक नलाग्ने व्यवस्थाको साथै मोही लागिसकेका जग्गा मोही र जग्गावाल विच आधा-आधा गर्न गराउन सक्ने व्यवस्था गरिएको थियो ।

त्यस्तै २०५८ साल श्रावण ३२ गतेबाट लागू भएको पाँचौं संशोधनको मोही लागेको जग्गा बाँडफाँड गर्ने म्याद पनि २०६० श्रावण मसान्तमा समाप्त भएको थियो। त्यो बिचमा २.६ प्रतिशत मोहीको मात्र जग्गा बाँडफाँड हुनसक्यो। पछिल्लो निर्णयले मोही लागेको जग्गा बाँडफाँडका लागि मोही किसानहरुले समयमै निवेदन नदिएमा वेदर्तावाल मोही त हकबाट बञ्चित भईरहेकै छन्। दर्तावाल मोही पनि हकबाट पाखा लाग्नु पर्ने हुन्छ। जग्गा बाँडफाँडको प्रक्रियामा जग्गावालको जग्गाधनी पूर्जामा मोही महलमा मोही नाम लेखिएको बाहेक मोहीको अस्थायी प्रमाणपत्र हुनेले पनि निवेदन दिन सक्दछन्। ■

घटना अध्ययन

## तुलारामको पीडा

तुलाराम चौधरीको घर दाङ जिल्ला सोनापुर गाविस-१ मा पर्छ। ७५ वर्षीय चौधरीको परिवारमा ७० वर्षिया श्रीमती, ३ जना नाती, नातिना र एक छोरा छन् भने बुहारीको मृत्यु भैसकेको छ। जेठो र माइलो छोरा छुट्टिएर बसेका छन्।

तुलारामलाई २०४५ सालको उच्चस्तरिय बन सुदृढिकरण आयोगले एकविगाहा दश कठ्ठा (१-१०-०) जग्गा उपलब्ध गराएको थियो। तुलारामको व्यथा कहाली लाग्दो छ। मालपोत कार्यालयले उनीबाट मालपोत पनि बुझ्ने गर्दैन।

एक विघा १० कट्ठा जमिन मध्ये छुट्टिएर बसेका छोराहरुले साढे सातकट्ठाको हिसावले जमिन लिएपछि तुलाराम र उनीसँग बस्ने



छोराको नाममा १५ कट्ठा जमिन बाँकी छ। सो १५ कट्ठा जमिनमा पनि १० कट्ठा जमिन १ लाख ५० हजारमा सोही गाउँका खिमबहादुर कुमाललाई विक्री गरेका थिए। खिमबहादुर कुमालले बाबु तुलाराम र छोरा बुझावनलाई ललाईफकाई सो जग्गा कममूल्यमा मिति ०६० जेष्ठ २० गते पास गरेका थिए। जबकी सो ठाउँको जग्गाको दर प्रतिकठ्ठा रु ४०,००० छ।

तुलारामको २ जना नातीनातिनालाई स्कुलमा भर्ना गर्ने, १ क्वीन्टल चामल पनि घरमा पुऱ्याइ दिने र १० हजार रुपैया चौधरीको परिवारलाई दिइ ३४ हजारको हिसाब राख्ने काम खिमबहादुरले गरेका रहेछन्। खिमबहादुरले सो १० कट्ठा जग्गा आफ्नो श्रीमतीको नाममा पास गराउनको लागि सपरिवार सहित दाङ घोराहीको एउटा होटलमा राखी ३ हजार ८ सय सत्तरी रुपैया बराबरको होटलको बिल पनि तुलारामलाई तिर्न लगाए। जग्गा दर्ता गर्ने दिनमा तुलारामका छोरा बुझावन चौधरीलाई खिमबहादुरकी श्रीमती कौसी कुमालले प्र.जि.अ.को अगाडि १ लाख पचासहजार बुझाएकी थिइन तर बाहिर निस्केपछि स्थानीय वकिल चिरञ्जीवी भट्टराइको मिलोमतोमा उक्त रकम फिर्ता लगियो। बुझावन चौधरीका अनुसार 'तिमीहरुले पहिले नै ३४ हजार लिइसकेछौ, त्यो त देखाउनुपर्ने पैसा भएकोले दिएको हाम्रो पैसा फिर्ता गर। यो पैसा वकिल चिरन्जीवि भट्टराइले मागेको छ त्यसैलाई दिनुपर्छ।' भनि भित्र बुझाएको पैसा पनि यसरी फिर्ता लगे। 'अहिले हाम्रो जग्गा हामीसँग छैन र त्यो बेचेको पैसा पनि पाउन सकेनौ, हामीमाथि अन्याय भयो।' तुलाराम दुखेसो गर्छन।

उनीहरुका अनुसार वकिलले पहिलेदेखि नै 'लालपुर्जा निकाल्न एकलाख रुपैया लाग्छ, सबै निकायमा पैसा खुवाउनु पर्छ' भनेको थियो रे। त्यस्तै खिमबहादुर कुमालले पनि २०५२ सालदेखि जग्गा सम्बन्धी कारोबार (दलालीं) गर्दै आइरहेको स्थानीय बासिन्दा बताउँछन्। 'जग्गा त अर्केको नाममा पास भयो, पैसा पनि पाइएन।' भन्दै तुलारामले २०६० कार्तिक ७ गते सिडियो कार्यालय, दाङमा निवेदन दिए। तर अहिलेसम्म केही सुनुवाई नभएको चौधरीको दुखेसो छ। स्मरणीय छ सोही किसिमको जग्गा प्राप्त गर्ने अन्य ५० घरपरिवारले लालपूर्जा प्राप्त गर्न सकेका छैनन्। लालपुर्जाका लागि जाँदा प्रतिकट्ठा एकहजार माग्ने गरिएको पीडितहरु बताउँछन्।

## १४ घर माझी टोल जमिन्दारकै अधिनमा

सुनसरी जिल्लाको भरौल गा.वि.सका ११ घर माझी परिवार विगत ३ पुस्तादेखि ४ घरधनीको जग्गामा घरवास बनाई बसिरहेका छन्। उक्त टोल र त्यहाँ वरपरको जग्गाको जग्गाधनी पहिले श्यामकाजी थापा भन्ने व्यक्ति थिए। त्यस माझी टोलमा वस्ने सुकुम्वासीहरुले कामको खोजी गरिरहेका वखत जमिन्दारहरुले आफ्नो खेतमा काम लगाउनका लागी त्यो वस्ती बसालेका थिए। खेतमा काम गरेवापत केही धान, अनाज पाउने र वास पाउने भएकाले गरीव किसानहरु त्यहाँ आईवसेका थिए। अझै पनि ती किसानहरु त्यही खेत जोतखन गरीबसेका छन्। जवकि अहिले जग्गाधनीले जग्गा विक्री गर्दा टोलसमेत विक्री गरेकोले एउटा साहुबाट अर्को साहुमा जमिन हस्तान्तरण भईरहेको छ। त्यसका साथै ती टोलका माझीहरुको श्रमसमेत बिक्री भएको छ। उनीहरु मालिक परिवर्तन भएपनि नयाँ मालिकको लागि खेतीको काम गर्ने गर्दछन्। हालसम्म निजहरुले श्रम वगाए वापत केही पनि पाएका छैनन्। न त उनीहरुको जग्गा छ न त बस्ने बासको ग्यारेण्टी।

११ घर माझी परिवारले भोग चलन गर्दै आएको १ विगाहा ११ कट्ठा जग्गा पनि गाउँब्लक भनि नक्सामा जनिएको पाइएको छ। तर ती परिवारले गाउँ ब्लकमा बसेवापत कुनै कुत अथवा तिरो तिरेका छैनन्, साथै बाली बुझाएको भर्पाई समेत छैन। हाल उनीहरु बसोबास गरिरहेको जग्गा बाटोको छेउमै भएकोले जग्गाधनीले बस्तीलाई बाटो पछाडि सार भन्ने गरेको छ तर माझी परिवारले मानिरहेका छैनन्।

पहिलेका जग्गाधनीहरु श्यामकाजी तथा नारायणकाजी थापाले त्यो जग्गा लक्ष्मण धामीलाई बेचिदिए। जग्गा लक्ष्मण धामीको श्रीमती आशा धामीको नाममा छ। अहिलेका जग्गाधनी मलेशिया गएका छन्। "हामीले भोग गरेको जग्गा हाम्रो नाममा गरिदेउ भन्दा मान्दैनन्। हामी अन्योलमा छौं के गर्ने, हाम्रो बालबच्चाको समेत भविष्य सुरक्षित छैन, सँधै वास छोडनुपर्ने हो की ? वास पो उठाईने हुन भन्ने पिरले सताई रहन्छ" पीडित सोहनलाल माझी भन्दछन्।

यसरी एकपछि अर्को जमिन्दारको नाउँमा घरजग्गा बिक्री भईरहेको छ। गाउँसमेत विक्री गर्ने परिपाटी यहाँ यथावत छ। भोगचलनको आधारमा जग्गामाथि स्वामित्व प्राप्त हुने कानुनी व्यवस्था भएपनि जग्गाधनीले जग्गा नदिएको र कतिपय ठाउँमा त डर, धाकधम्की देखाई वस्ती खाली गराउने गरेको समेत पाइएको छ। यस अवस्थामा यस्ता गरिव पीडित किसानले आफ्नो अधिकार कसरी पाउलान भन्ने गम्भीर प्रश्न खडा भएको छ। राजपत्रमा सूचना प्रकाशित गरी गाउँब्लक, ऐलानी, पर्ती जग्गामा वसोवास गर्ने सुकुम्वासीलाई जग्गा दर्ता गरी दिन समिति गठन गर्न लगाईएको छ। त्यस समितिले के यस्ता गरिव जनतालाई साँच्चै नै बासको अधिकार र स्वामित्व प्रदान गर्ला त ? धेरै आशा गर्ने ठाउँ छैन।

## जमिन्दारको डरले नामसम्म भन्न सकेनन्

मोही एवं हदबन्दीबारे विवरण लिन जिल्ला भूमिसुधार कार्यालय राजविराज जाँदा एकजना वृद्ध हाम्रो वार्तालाप सुनिरहेका थिए। हामी निस्कियौ पिछा गर्दै बसपार्कसम्म आएर उनले भने-हजुरहरु मोहीको मान्छे हो ?' यो सोध्न पनि उनी निकै डराइरहेका थिए।

पछि चौरमा बसेर उनको समस्याबारे छलफल गरियो। साढे १२ कट्ठा जमिनमा उनको मोहियानी कायम थियो। सबै प्रमाण पनि छ। तर २०५९ सालको कुत बुझाएको छैन भनि जग्गावालले मोही निष्कासन मुद्धा हाल्यो। उनीसँग कुत बुझाइएको भर्पाइ त छ तर भर्पाइमा अघिपछिको र त्यसवर्षको सही बेग्लै छ। उसले किर्ते बनाएको भन्ने दाबी गरिरहेको छ। उनी तारेख धाइरहेकै छन्। तर मुद्धाको टुङ्गो भने लागेको छैन। उनले विवरण र दुखेसो त भने तर नाम र जग्गावालाको नाम भन्न चाहेनन्। फोटो खिच्ने अनुमती माग्दा उनले त्यो कुरा जग्गावालले थाहा पाएमा प्राण लिने दुखेसो पोखे। उनी कल्याणपुर गाविस ७ का बासिन्दा रहेछन् भन्ने चाहिँ आधा घण्टाको बसयात्रा पछि थाहा लाग्यो।

लाहान नगरपालिका वडा नं. १ मा लगभग १२ सय घरधुरी छ। यो वडामा राणाकालदेखि नै १५० घर मुसहरहरु बसोबास गर्छन्। यसबारे ६० घर तत्मा, ७५ घर चमार र कामी डोम र खत्वे गरी २० परिवार दलितहरु छन्। करिब ३ सय दलित घरपरिवार भूमिहीन छन्। तर भूमिहीनता समस्याको रुपमा आउन सकेको छैन।


## ४१ घरलाई ऐलानी वस्तीमा पून स्थापना

सिरहा जिल्लाको वस्तीपूर गा.वि.स.मा ६ विगाहा ऐलानी जग्गामा ४१ जना घरपरिवारले वसोवास गर्दै आएका छन्। दुईवर्ष अघि एकजना जमिन्दारले उक्त जग्गाको क्षेत्रफलमा अतिक्रमण गर्दा सो जग्गा ५ कट्ठामा सीमित भएको थियो। त्यस जमिन्दारलाई त्यति गरेर पनि चित्त नबुझेकोले उसले त्यस क्षेत्रमा अव्यवस्थित वसोवास गरेको भन्दै उक्त जग्गा त गौचरनको लागि खाली राख्नुपर्छ भनी सिडियो कार्यालयमा निवेदन दियो। सिडियो कार्यालयवाट प्रहरी ल्याई वस्ती हटाउने काम भयो। त्यसपछि त्यहाँका बासिन्दाहरु आफन्तको शरण लिन बाध्य भए।

हाल आएर नेपाल वसोवास वस्ती संरक्षण समाज सिराहाले त्यस वस्तीलाई पुनस्थापना गर्न र जग्गाधनी पुर्जा दिलाउन मालपोत कार्यालय सिराहामा निवेदन दर्ता गरिदिएको छ। 'अब यस संस्थाको सहयोगले हामीले पनि वास पाउने भयौं' पीडित हरीदास भन्छन। हरीदास त्यस टोलका पीडित र पीडितहरुको पक्षमा नेतृत्व गर्दै हिड्ने व्यक्ति भएकोले उनलाई माओवादीको आरोप लगाई जमिन्दारले ३ दिन थुनामा राखी यातना समेत दिएका थिए। नेपाल वसोवास वस्ती संरक्षण समाजले आज हाम्रो अधिकारको लागि पहल गरेकोले ४१ घरका वासिन्दा धेरै खुसी भएका छौ भनि पीडितहरु भन्दछन्। ■

# भिमदत्त पन्तको स्मृति

जातिय छुवाछुत विरुद्ध, किसान र मजदुर हकहितका लागि र सामन्ती शोषकहरुको विरुद्ध लड्दा लड्दै आफ्नो जीवन बलिदान गर्ने अमर शहिद भीमदत्त पन्तको सम्झनामा ५१ औ भीमदत्त स्मृति दिवस मनाइयो। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा र जिल्ला दलित नेटवर्क डडेल्धुराको आयोजनामा उक्त कार्यक्रम भएको थियो। विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्था, मानव अधिकारबादी एवं नागरिक समाजका प्रतिनिधि, पत्रकार, समाजसेवी, हलिया, पीडित किसान, महिला आदि गरी पाँचसय भन्दा बढीको कार्यक्रममा सहभागिता थियो। डडेलधुराको किर्तिपुरबाट विभिन्न नाराहरुका साथ र्‍याली निकाली जिल्ला प्रशासन कार्यालय हुदै भीम दत्त पन्तको सालिकमा माल्यार्पण गरी सभा गरिएको थियो। ■



**पत्रपत्रिकामा भूमिसुधार**

# गुठी जमिन अधीनस्थ गराउने प्रक्रिया सुरु

**माधव नेपाल/राजधानी**
सिन्धुपाल्चोक, ८ असोज

जिल्लाको १८ गाविसका गुठी जमिन अधीनस्थ गराउने सरकारको निर्णयअनुरूप गुठी समस्या समाधान समिति सिन्धुपाल्चोकको दोस्रो वैठकले नवलपुर गाविसको गाउँ ब्लक छुट नापीका लागि टोली खटाएको छ। समाधान समितिको बुधवार सम्पन्न बैठकको निर्णयअनुसार नापी शाखा सिन्धुपाल्चोकले टोली खटाएको हो। नापी कार्य असोजको दोस्रो सातादेखि सुरु हुनेछ।

पुस्तौंदेखि जोतभोग गर्दै आए पनि जमिन आफ्नो नाममा नभएका यहाँका किसान रणनैनेश्वर महादेव गुठीको नाममा जमिन जोतिरहेका थिए। प्राप्त विवरणअनुसार साविकको वाडेगाउँ गाविस हालको नवलपुर गाविस-४ को कित्ता नं. ११५६ को दुई हजार एक रोपनी जमिन तत्कालीन समयमा ब्लक नापी भएको थियो।

पुस्तौंदेखि जोतखन र भोगचलन गर्दै आए पनि ब्लक नापी गरिँदा किसान प्रमाणपत्रवाट वञ्चित भएका थिए।

२० पुस्ताअघिदेखि १४ रोपनी जमिनमा जोतभोग गर्दै आए पनि प्रमाणपुर्जावाट वञ्चित भएका नवलपुर-४ का वुभ्रुङ लामा यो निर्णयले केही राहत मिलेको महसुस गर्छन्। सामुदायिक आत्मनिर्भर केन्द्रको सहयोगवाट मन्त्रालयसम्म दवाव दिएर समस्या समाधान समिति गठन हुनु र यो निर्णय हुनु हाम्रो लागि खुसीको कुरा हो, लामा आफ्नो धारणा राख्छन्।

मन्त्रिपरिषद्को २९ माघ ०६० को वैठकले प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा पाँच सदस्यीय समाधान समिति गठन गरेको थियो। समितिलाई मालपोत ऐन २०३४ को दफा ७ को उपदफा १ (क) वमोजिमको अधिकार प्रयोग गरी गठन गरिएको भूमिसुधार मन्त्रालयले जनाएको थियो। साथै समितिलाई मालपोत ऐन, २०३४ को दफा ७ (२) स्थानीय प्रशासन ऐन, २०२८, दफा ११ (१) जग्गा नापजाँच ऐन, २०१९ दफा ६)५) को अधीनमा रही यस जिल्लाको गुठी समस्या समाधान गर्न आवश्यक कार्यको सम्पूर्ण अधिकार दिएको थियो। त्यसो त सो समितिलाई आवश्यक रकमका लागि अर्थ मन्त्रालयले एक लाख ७० हजार रुपैयाँ निकासासमेत दिएको थियो। यसको अवधि काम सुरु गरेको ६ महिनासम्म रहनेछ। समितिको निर्णयअनुसार हामीले दुइटा काम गर्‍यौं, समितिका सदस्य सचिव तथा मालपोत अधिकृत मधुसूदन थपलियाले वताए। समितिले यसअघि जिल्लाका गुठीपीडित किसानलाई आ-आफ्नो प्रमाणसहित असोज मसान्तसम्म निवेदन दिन अनुरोध गरेको छ। गुठीको नाममा रहेको जमिनमा जोताहको मोहीयानी हक कायम गर्न यो सूचना प्रकाशित गरेको पनि अधिकृत थपलियाले वताए। त्यसैगरी, समितिको दोस्रो वैठकले नवलपुरको ब्लक नापीलाई छुट्टाछुट्टै नापीका लागि टोली खटाएको पनि उनी वताउँछन्।

प्राप्त जानकारीअनुसार यस जिल्लामा ५४ प्रकारका गुठीका नाममा गुठी जमिनवाट ५७ हजार घर-परिवार किसान पीडित वनेका छन।

## हाम्रा नयाँ प्रकाशनहरू






सम्पादन/प्रकाशन

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**

**Community Self Reliance Centre (CSRC)**

सिन्धुपाल्चोक, सम्पर्क कार्यालयः काठमाडौं

पोष्ट बक्स नं : १९७९०, फोन ३६०४८६

E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org